नेपाल सरकार

जल तथा ऊर्जा आयोगको सचिवालय

जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र

बाढी पूर्वानुमान महाशाखा

प्रेस विज्ञप्ति

(मितिः २०८३/०६/२५)

बुढीगण्डकी नदीमा आएको आकस्मिक बाढीको संभावित कारण र पूर्वसूचना सम्बन्धी जानकारी

गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका–६, तुम्जेस्थित बुढीगण्डकी नदीको सहायक नदीतर्फबाट आएको आकस्मिक बाढीका सम्बन्धमा बाढी पूर्वानुमान शाखामा आज बिहान ६:०० बजे प्रारम्भिक जानकारी प्राप्त भएको थियो। उक्त क्षेत्रमा पछिल्लो २४ घण्टामा छिटपुट मात्र वर्षा भएको देखिएकाले तत्कालीन वर्षाका कारण बाढी आएको सम्भावना देखिंदैन। प्रारम्भिक सूचना तथा भू-उपग्रह तस्बिरहरूको अवलोकनका आधारमा पहिरोले नदी थुनिएर फुट्न गई एक्कासि बाढी आएको हुन सक्ने अनुमान गरिएको छ। घटनाको वास्तविक कारणबारे विस्तृत प्राविधिक विश्लेषण भइरहेको छ।

बुढीगण्डकी-आरुघाट बाढी मापन केन्द्रमा बिहान ६:३० बजे जलसतह २.२८ मिटर बाट बढेर ३.६६ मिटर पुगेको थियो, जहां सतर्कता तह ४.५० मिटर रहेको छ। बिहान सूचना प्राप्त हुनासाथ तटीय क्षेत्र वेनिघाट सम्मका सर्वसाधारणलाई SMS मार्फत पूर्वसूचना सम्प्रेषण गरिएको थियो। बिहान ७:५० बजे जलसतह बढेर ५.०१ मिटर पुगेको थियो, जुन खतरा तह ५ मिटरभन्दा माथि हो। त्यसपछि केही घटेको जलसतह पुनः तीव्र रूपमा बढ्दै बिहान ८:३० बजे ६.२२ मिटर र ८:४० बजे ८.४३ मिटर पुगेको थियो। त्यसलगत्तै बाढीले पुलसहित मापन केन्द्र बगाएकाले थप विवरण प्राप्त हुन सकेको छैन।

बाढीको जोखिमलाई मध्यनजर गर्दै बिहान करिब ८:०० बजे फेसबुक लाइभमार्फत अद्यावधिक जानकारी सार्वजनिक गरी बुढीगण्डकी नदीको तटीय क्षेत्रदेखि बेनीघाटसम्मका जोखिमयुक्त बस्ती खाली गर्न तथा आवश्यकताअनुसार राजमार्ग र करिडोरमा आवागमन बन्द गर्न अनुरोध गरिएको थियो। साथै, मुग्लिङसम्म उच्च सतर्कता अपनाउन तथा तनहुँ, चितवन र नवलपरासीका सम्भावित प्रभावित क्षेत्रमा समेत सावधानी अपनाउन अपिल गरिएको थियो। बिहान ९:२५ बजे पुनः SMS मार्फत सूचना सम्प्रेषण गरी सर्वसाधारण तथा सरोकारवालालाई सुरक्षित स्थानमा जान र थप सूचना जारी नभएसम्म सुरक्षित स्थानमै रहन अनुरोध गरिएको छ। यस अवधिमा जम्मा दुइ पटक गरी कुल करीव २ लाख SMS पूर्वसूचनाको रुपमा संप्रेषण गरिएको छ।

बुढीगण्डकी नदीको तटीय तथा तल्लो तटीय क्षेत्रका बासिन्दाले आज सांझ सम्मै नदी किनार र जोखिमयुक्त बस्तीबाट सुरक्षित स्थानमा रहन, नदीको बहाव घटेको देखिए पनि जोखिम नटरेको बुझ्न, पुल तथा जोखिमयुक्त सडकमा आवागमन नगर्न र स्थानीय प्रशासन तथा सुरक्षा निकायका निर्देशन पालना गर्न अनुरोध गरिन्छ। घटनाको थप प्राविधिक विश्लेषणबाट प्राप्त निष्कर्ष तथा बाढीको अवस्थासम्बन्धी अद्यावधिक जानकारी सार्वजनिक गरिनेछ।

२०८३।०६।२५

डा. राजन भट्टराई

(उप-कार्यकारी निर्देशक)

प्रवक्ता